**FORWARD** फरवार्ड कम्युनिटी माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
**Community Microfinance Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, दुहवी सुनसरी
फोन नं. ०२५-५४१००१८, फ्याक्स नं. ०२५-५४१४८३

# पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७४/११/०३ (तदनुसार १५ फेब्रुअरी, २०१८) को बैठकको निर्णय बमोजिम पाँचौं वार्षिक साधारणसभा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**
मिति : २०७४ चैत्र ४ गते आइतबार (१८ मार्च, २०१८)
समय : दिनको ११.०० बजे
स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी, सुनसरी।

**छलफलका विषयहरू**

**(क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७३/७४ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्बन्धित अनूसुचिहरु पारित गर्ने।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७४/७५ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

४. सञ्चालक निर्वाचन (संशोधित प्रबन्धपत्र तथा नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना मनोनयन वा निर्वाचन गर्ने र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना सञ्चालक निर्वाचन) गर्ने।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७४ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. २०,००,००,०००/- (बीस करोड) को १५% ले हुने नगद लाभांश रु. ३,००,००,०००/- (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १४(१) मा भएको व्यवस्था बमोजिम सञ्चालकहरुको संख्या कायम गर्ने र सोही अनुसार हुने गरी प्रबन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा/नियमहरुमा आबश्यक संशोधन गर्ने।

२. सञ्चालक समितिले प्रस्ताव गरी नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम २०७४ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. २०,००,००,०००/- (बीस करोड) को ५०% ले हुन आउने रकम रु.१०,००,००,०००/- (अक्षरुपी दश करोड मात्र) बराबर बोनस शेयरलाई शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम रहेका शेयरधनी महानुभावहरुले पाउने गरी वितरण गर्ने तथा उक्त अनुपातमा बोनश शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई नगद लाभांशबाट समायोजन गर्ने गरी शेयरधनी समुहको वर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न अंक (Fraction) को बोनश शेयरलाई पूर्ण अंक (Whole) मा परिणत गरी चुक्ता पुँजीमा समायोजन गर्न (यस अनुरुप चुक्ता पुँजीको रकम हेरफेर हुन सक्ने) प्रस्ताव माथि छलफल गरी पारित गर्ने।

३. वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्धपत्रका केही दफाहरु तथा नियमावलीका केहि नियमहरुलाई परिमार्जन, थपघट गरी संशोधन गर्ने।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायबाट कुनै शंसोधन, थपघट, समायोजन वा फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## पाँचौ बार्षिक साधारणसभा सम्बन्धि अन्य जानकारी

१. बार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७४/११ /१७ देखि मिति २०७४/१२/४ सम्म यस वित्तीय संस्थाको शेयर दाखिला खारेज किताब बन्द रहनेछ ।
२. सभामा प्रवेशका लागि शेयरधनी महानुभावहरुले आफ्नो कुनै परिचय पत्र सहित शेयरधनी नं. वा बैंकको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनीको हकमा BOID (हितग्राहि परिचय नम्बर) प्रस्तुत गर्नु पर्नेछ ।
३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु पर्नेछ । हाजिरी किताब सो दिन विहान १० बजेदेखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्ती भई आउने व्यक्ति वित्तीय संस्थाको शेयरधनी मध्येबाट नै हुनु पर्नेछ । प्रोक्सी फर्म सभा हुनुभन्दा ४८ घन्टा अगावै फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी फारम यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गर्न सकिनेछ । एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रोक्सी दिएमा पछि दर्ता हुन आउने प्रोक्सी बदर हुनेछ ।
५. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनि आफै सभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात मिति २०७४/१२/२ गते का दिन बिहान ११ बजेभित्र फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तिय संस्था दुहवी, सुनसरीमा प्राप्त हुने गरी सो को सुचना पठाउनु पर्नेछ ।
६. नावालक वा अशक्त शेयरधनीको तर्फबाट लगत किताबमा उल्लेखित संरक्षकले मात्र सभामा भाग लिन, मतदान गर्न, प्रोक्सी दिन सक्नु हुनेछ ।
७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारममा संस्थाको छाप र आधिकारी दस्तखत हुनु पर्नेछ ।
८. विविध शीर्षक अन्तर्गत गर्नु पर्ने छलफलका विषयबारे सभा हुने दिनभन्दा ७ दिन अगावै कार्यालय समयभित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय दुहवी सुनसरीमा लिखित जानकारी दिनु पर्नेछ । उक्त लिखित जानकारीलाई औचित्यता हेरी छलफलमा समावेश गर्न सक्ने भएतापनि पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. सञ्चालक निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, दुहवी सुनसरीमा वार्षिक साधारणसभा हुनु भन्दा ७ दिन अगाडी प्रकाशित गरिनेछ ।
१०. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानून, नीति नियम तथा निर्देशन बमोजिम हुनेछ ।
११. वार्षिक प्रतिवेदन सम्बन्धि विवरण र साधारणसभा सम्बन्धि अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय, दुहवी सुनसरीमा कार्यालय समयभित्र सम्पर्क राख्न वा यस वित्तीय संस्थाको वेवसाइट www.forwardmfbank.com.np बाट प्राप्त गरी लिन र हेर्न सकिनेछ ।
१२. सभामा व्याग तथा नावालक लिएर प्रबेश नगरिदिन हुन अनुरोध छ ।

*(नोटः २०७४/११/०९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)*